अन्तिम लेखापरीक्षण प्रतिवेदन

शैलुङ्ग गाउपालिका, दोलखा

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.:२०९

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
शैलुङ्ग गाँउपालिका,
गाँउकार्यपालिकाको कार्यालय,
दोलखा ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः२०७८।०७९
च.नंः २००

मितिः २०७८।५।०४

श्री प्रमूखज्यू,
शैलुङ गाँउपालिका,
दोलखा।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको रायः हामीले शैलुङ गाँउपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय—व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.४ करोड ४६ लाख ३५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८ लाख ५ हजार, नियमित गर्नुपर्ने रु. २८ लाख, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ५१ लाख ३८ हजार र पेश्की रु.२ करोड ५८ लाख ९२ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७८ ।१।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना (३६) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारीः आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

शैलुङ गाँउपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।०७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य मध्ये हाल ४२ जना, १२८.६७ वर्ग किलोमिटर क्षेत्रफल तथा २० हजार ९८ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७६।०७७ को वितिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।

		प्राप्ती भुक्तानी हिसाव			
विवरण	टिप्पणी	**यस वर्षको रु.**			
		बजेट	आफैले गरेको प्राप्ती/भुक्तानी	बस्तुगत /सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		५६४०२७५९६	४९४१५९२७६.४५	०	४९४१५९२७६.४५
क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)		४५१७१३४३०	३९१२४४३७३.४५	०	३९१२४४३७३.४५
११०० कर	११	८६५६९०००	६५०५५८८५.९५	०	६५०५५८८५.९५
१३०० अनुदान		३६१६४४४३०	३२५३५९२०४.५०	०	३२५३५९२०४.५०
संघीय सरकार	१२	२९७९८२०००	२८८७२२९०७.५०	०	२८८७२२९०७.५०
प्रदेश सरकार	१२	३६६३७१३३	३६६३६२९७	०	३६६३६२९७
आन्तारिक स्रोत	१२	२७०२५२९७	०	०	०
१४००० अन्य राजस्व		३५०००००	८२९२८३	०	८२९२८३
ख. अन्य प्राप्ती		११२३१४१६६	१०२९१४९०३	०	१०२९१४९०३
कोषहरु		४७३३१६६	४७७०१४५	०	४७७०१४५
धरौटी		०	३१२५६०५	०	३१२५६०५
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		१०७५८१०००	९५०१९१५३	०	९५०१९१५३
भुक्तानी (ग+घ)		६०१३६३१७२.१५	४६४३१०५३७.४४	०	४६४३१०५३७.४४
ग. भुक्तानी (संचित कोषबाट)		४८९०४९००६.१५	३६३०८९१३६.४४	०	३६३०८९१३६.४४
२१००० पारिश्रमिक/सुविधा	१८	१३२६३२०००	१०८०५६७५९	०	१०८०५६७५९
२२००० मालसामान तथा सेवाको उपयोग	१८	७२६०२०००	५३४६८६४७.९९	०	५३४६८६४७.९९
२५००० सहायता	१८	५०००००	४८००००	०	४८००००
२६००० अनुदान	१८	१६५००००००	६३९४२५०	०	६३९४२५०
२७००० सामाजिक सुरक्षा	१८	१३५१५०००	९६२२३४१	०	९६२२३४१
२८००० अन्य खर्च	१८	१९०००००	१३८४२९५	०	१३८४२९५
३१००० गैर वित्तिय सम्पती/पूँजिगत खर्च	१८	२५१४००००६.१५	१८३६८२८४३.४५	०	१८३६८२८४३.४५
घ. अन्य भुक्तानी		११२३१४१६६	१०१२२१४०१	०	१०१२२१४०१
कोषहरु		४७३३१६६	४६०४४४३	०	४६०४४४३
धरौटी		०	१५८६२८३	०	१५८६२८३
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		१०७५८१०००	९५०१९१५३	०	९५०१९१५३
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी		०	११५२२	०	११५२२
ङ. यो वर्षको बचत ९न्युन०		(३७३३५७५६.१५)	२९८४८७३९.०१	०	२९८४८७३९.०१
च. गत वर्षको जिम्मेवारी रकम ९अ.ल्या०		०	३८२२२३७८.१५	०	३८२२२३७८.१५
वर्षान्तको बाकी रकम ९ङच०		(३७३३५७५६.१५)	६८०७११२६.१६	०	६८०७११२६.१६
बैक तथा नगद बाँकी	२४		६९२५११२६.१६		६९२५११२६.१६

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	फिर्ता दाखिला ः आर्थिक वर्ष २०७६।७७ मा निकासा मध्ये बाँकी रहेका संघिय सशर्त अनुदान तर्फ रु.२९५२१५१९।२० मिति ०७७।४।१२ मा र रु ८३७७३३३ मिति ०७७।५।२१ मा गरी रु ३७८९८८५२।२ र प्रदेश ससर्त अनुदानको रु६३३४७९८ मिति ०७७।४।१६ मा समेत जम्मा रु.४४२३३६५०।२ नेपाल बैक लिमिटेड चरीकोट शाखामा दाखिला भएको छ ।	
	गाँउपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको पेश्की पछ्यौट गर्दा धरौटी खातामा जम्मा गरेको फिर्ता गर्न बाँकी रकम रु२०८०० मिति ०७७।८।२५ मा धरौटी खातावाट नेपाल बैक लिमिटेड चरीकोट बेरुजु खातामा दाखिला गरेको छ ।	
	• **वित्तीय विवरण विश्लेषण**	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • प्राप्त वितीय विवरणको अनुसुची २४ मा बैक कारोवारमा बर्षान्तको बाकी रु.६९२५११२६।१६ र अनुसुची २४ अनुसारको नगद तथा बैक बाकी रु. ९३११५८४१।१६ भई बैक रु.२४०३०४१७ ले बढी देखिएको वितीय विवरणले देखाउदछ । अनुसुची २४ मा देखाएको बैक तथा नगद बाकी रु. ९३११५८४१।१६ मध्ये रु. २४०३०४१७ बैक कारोवारमा भिन्नता भन्ने उल्लेख छ ।यस सम्वन्धमा पुष्ट्याई प्राप्त नभएकोले हिसाव एकिन हुनु प्र्दछ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनविच समरुपता देखिदैन । • गाँउपालिकको संघिय शशर्त अनुदानको निकासा बजेट रु१९२२२००० रहेकोमा सुत्रानुसार खर्च रु२०३६६४२५ र प्रतिवेदन अनुसार रु१२८८७१२८ खर्च देखाएको पाइयो । सुत्र र प्रतिवेदनमा फरक परेको रु ७४७९२९७ सम्वन्धमा एकिन हुनुपर्दछ । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन । • गाँउपालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा भुक्तानी रु. ४६४३१०५३७।४४ देखाएकोमा पालिकाबाट खर्च भएको सवै बजेट शिर्षकको आर्थिक विवरण एवं फाँटवारीको जम्मा बाट जम्मा खर्च संघिय विशेष अनुदान बाहेक रु.४८०३९२००१।४४ देखिन्छ । फरक रकम रु. १६०८१४६४ सम्बन्धमा एकिन हुनुप्रर्दछ । • पालिकाबाट लेखा परिक्षणको लागी पेश भएको सञ्चितकोषको बैंक नगदी किताबअनुसार आम्दानी रु.४२८०७९९४९।६० देखाएकोमा पालिकाले पेश गरेको वित्तिय विवरण म.ले.प. फा.नं ः	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>२७२ मा रु.३९१२४४३७६।४५ देखिन्छ । वित्तिय प्रतिवेदन र बैंक नगदी किताबबिच रु.३६८३५५५७६।१५ फरक देखिएको छ ।

• पालिकाको सञ्चितकोषको बैंक नगदी किताब अनुसार रु.३७८४६७४६४ खर्च देखिएकोमा वित्तिय प्रतिवेदनमा रु. ३६३०८९१३९।४४ देखिन्छ । बैंक नगदी किताब र वित्तिय प्रतिवेदन बिच रु. १५३७८३२७।५६ ले फरक देखिएको छ । यससम्बन्धमा एकिन गर्नुपर्दछ ।
लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.४५६६५००० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.३८२२२३८७।१५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७४४२६१२।८५ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.........</td><td>७४४२६१२</td></tr>
<tr><td>३.</td><td>बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु२९०४९३१६।६ फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता विजोर बर्ष</td><td>३१०३६०९१।०१</td><td>२९५१६७१३।६०</td><td rowspan="7"></td></tr>
<tr><td>२</td><td>पूजिगत खर्च खाता बिजोर बर्ष</td><td>९५४११३१।५५</td><td>४१०७२६२४।५५</td></tr>
<tr><td>३</td><td>धरौटी खाता</td><td>२९२६१३३</td><td>२९२६१३३</td></tr>
<tr><td>४</td><td>संचितकोष खाता</td><td>४९६१२४८५।६०</td><td>४४२७०४०७।१४</td></tr>
<tr><td>५</td><td>विविध कोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>६</td><td>प्रकोष ब्यवस्थापन कोष</td><td>१६५७७०२</td><td>२५३२२३</td></tr>
<tr><td>७</td><td>राजस्व वाडफाड खाता</td><td>०</td><td>४०२६०५६।४७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९३११५८४१।१६</td><td>१२२१६५१५७।७६</td><td>२९०४९३१६।६</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.१.</td><td>घटी मौज्दातः उल्लेखित बैंक हिसावमा स्रेस्ता र बेक स्टेटमेन्ट अनुसार रु २९०४९३१६।६ फरक देखिउको छ । समग्रमा बैक बढी रु २९०४९३१६।६ देखिएतापनि गाँउपालिका ले बैंक हिसावको विवरण मलेप फारम नं २१२ तयार नगरेको कारण निम्नानुसारको खातामा रु ६७६१४५५।८७ ले बैक मौज्दात घटी फरक देखिएको छ । घटी बैंक मौज्दात देखिएको रकमको बैक हिसाव मिलान विवरण तयार गरि एकिन हुनुपर्ने रु
<table>
<tr><th>सि.न</th><th>खाताको नाम</th><th>स्रेस्ता अनुसार बाँकी</th><th>बैक अनुसार बाँकी</th><th>फरक</th></tr>
</table></td><td>६७६१४५५</td></tr>
</table>

१	चालु खर्च खाता	३१०३६०९१।०१	२९५१६७१३।६०	१५१९३७७।४१
२	संचितकोष खाता	४९६१२४८५।६०	४४३७०४०७।१४	५२४२०७८।८७
	जम्मा	८०६४८५७६।६१	७३८८७१२०।७४	६७६१४५५।८७

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
३.२.	**बैक नगदी र किताब र आर्थीक विवरण नभिडेको** ः गाँउपालीकाले लेखापरिक्षणलाई पेश गरेको बैक नगदी किताब र आर्थिक विवरण तथा खर्चको फाँटवारी अनुसार गाँउपालिका चालु खर्च शिर्षकमा रु ५६४४०४७२।१९ खर्च देखिएकोमा बैक नगदी कितावमा रु ५६४४०४७२।१९ खर्च देखिएकोमा बैक नगदी किताबमा रु ५६४२६४७२।१९ देखिएको छ । फरक रकम १४००० सम्वन्धमा एकिन हुनुपर्दछ ।	
३.३.	**लेखा स्रेस्ताः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ मा पालिकाले आय व्ययको अभिलेख अधावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरिक्षणलाई पेश गरेको वित्तिय प्रतिवेदन म.ले.प फा.न २७२, बैंक नगदी किताब शिर्षकगत आर्थिक विवरणहरु भिडान गर्दा आम्दानी, खर्च पेश्कीको अभिलेख अधावधिक रुपमा राखेको पाइएन । यससम्बन्धी उदाहरणहरु निम्नानुसार छन् । • सडकबोर्ड तर्फको आम्दनी तथा खर्च रु६००००० रहेकोमा सुत्रमा कारोवार गरेको जनाएतापनि उक्त खर्चको सुत्रमा आर्थिक विवरण तथा बेक नगदी किताव देखिएको छैन । • प्रकोप ब्यवस्थापन तर्फको खर्च रु४००४४३ रहेकोमा सुत्रवाट उक्त खर्चको हिसाव देखिन आएन । • संघिय विशेष अनुदानको प्राप्ती र फिर्ता रु१७५०००० खर्चमा समावेश गरेको पाइएन । • सामाजिक सुरक्षा तर्फको पेश्की फछ्र्यौट रकम धरौटी खातामा जम्मा गरी कारोवार गरेको देखिन्छ ।	
४.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् मिति २०७७ असोजमा ट्रान्सफर गरेको पाइयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १६ र प्रशासनिकतर्फ १६ समेत ३५ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १२ र ९ समेत २१ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

- निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१०४९९४२६८ खर्च लेखेको पाईयो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- भ्रमणमा खटिने कर्मचारीहरुवाट आशिक मात्र प्रतिवेदन लिने गरेको ।
- यातायात खर्च भुत्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको ।
- एकीकृत जिन्सी किताब तयार नगरेको ।
- संचालित सवै कार्यत्रमहरुको नियमित अनुगमन सोको नियमीत प्रतिवेदन गर्ने गरेको छैन
- रु २० हजार भन्दा माथिको कारोवार अनिवार्य रुपमा मु.अ.करमा दर्तावालासँग खरिद गर्नुपर्नेमा पान विलमा कारोवार गरेको ।
- योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।
- स्थानिय सरकार संचालन एन २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।
- केही भ्रमण आदेश र खर्च विल हातले सच्याई भुक्तानी खर्च लेखेको ।
- योजना कार्यान्वयनको कार्यतालिका नबनाएको ।
- स्विकृत मलेप फारम नं अनुसारको अभिलेख अद्यावधिक नगरेको
- जिन्सी खाता कितावको ढाचा अनुसार स्पेशिफिकेशन लगायतका कुराहरु अद्यावधिक नगरेको ।
- इन्धनको प्रयोगमा लगबुक आशिक रुपमा मात्र राखेको र अधिकांश इन्धको कारोवार संक्षिप्त करविजकवाट गर्ने गरेको ।
- भ्रमण अभिलेख खाता बद्यावधिक रुपमा नराखेको ।
- मर्मत अभिलेख अद्यावधिक नगरेको ।
- कार्यक्रम संचालनको लागि पेश्की लिदा कतिपयमा लागत अनुमान तयार नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

</td><td></td></tr>
<tr><td>५.</td><td>सेवा प्रवाह लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार अ ब ०७६।७७ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि न</th><th>विवरण</th><th>विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या</th></tr>
<tr><td>१</td><td>जन्म मृत्यु दर्ता</td><td>४७७ सिफारीस ४७५</td></tr>
<tr><td>२</td><td>नागरिकता सिफारिस</td><td>१८० निवेदनमा १७७ सिफारिस</td></tr>
<tr><td>३</td><td>अन्य निवेदन सिफारीस</td><td>३५७८ निवेदनमा ३६७६ सारिस</td></tr>
<tr><td>४</td><td>नाता प्रमाणीत</td><td>२९८ निवेदनमा २९६ सिफारीस</td></tr>
<tr><td>५</td><td>घरबाटो सिफारीस</td><td>११३० निवेदनमा १२७ सिफारीस</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>

- **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

</td><td></td></tr>
<tr><td>६.</td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १०</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री लालमाया योञ्जन ले २०७६।३।१० गते रु.३८ करोड ६४ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियन । कानूनले तोके बमोजिम अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
७.	**योजना तर्जुमा र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आर्थिक, सामाजिक, पूर्वधार लगायतका क्षेत्रमा रु४२ करोड ३२ लाख ९० हजार बजेट ब्यवस्था भएकोमा रु ३२ करोड ९ लाख २१ हजार खर्च भएको छ । यस वर्ष सञ्चालित कुल योजनाहरू मध्ये १ लाख भन्दा कमका १० योजना १—५ लाख सम्मका ५४ योजना, ५—१० लाख सम्मका ४९ योजना र १० लाख भन्दा माथी ४४ योजना सञ्चालन भएकोमा ३ वटा योजना क्रमागत रहि उपभोक्ता समितिवाट १५० र ठेक्कावाट ८ योजना संचालन गरेको पाइयो । पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटोमा रकम खर्च गरेको देखिन्छ । पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ ।	
८.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ३ करोड ५८ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । । **(रु हजारमा)**	

क्र.स	अवण्डा शिर्षक	रकम	अवण्डा वाट खर्च भएको कार्यक्रम
१.	अन्य सम्पतिको संचालन र मर्मत	१५००	रु २९७ हजार खर्च चालु तर्फ
२.	अन्य सार्वजनिक निर्माण	२०००	खर्च नभएको
३.	पर्यटन अन्य कार्यक्रम	५००	रु २लाख ४० हजार पर्यटनमा खर्च
४.	युवा शशक्तिकरण अन्य	५००	खर्च नभएको
५.	लघु उद्यम अन्य	५००	खर्च नभएको
६.	सहकारी क्षेत्र अन्य	५००	अभिमुखिकरण
७.	सामुदायिक बिद्यालय अन्य	८३००	खर्च नभएको
८.	लक्षित बर्ग अन्य	४५००	खर्च रु १५४६ हजारमा
९.	उत्पादन साझेदारी अन्य	७५००	कृर्षि तर्फ रु ७५०० हजार नै खर्च
१०.	सडक मर्मत सुधार अन्य	५०००	खर्च रु ३४९० हजारमा
११.	सिंचाई प्रर्वर्धन	१५००	खर्च नभएको

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

१२.	खानेपानी प्रर्बर्धन	१५००	खर्च नभएको
१३.	वन तथा वातावरण अन्य	१०००	खर्च नभएको
१४.	ढल पाइप ब्यवस्थापन	१०००	रु ९६० हजार खर्च
	जम्मा	**३५८००**	

९. **कार्यक्रम परिवर्तन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरित वडा कार्यालयहरूको सिफारीसमा गाउँकार्यपालिकाले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो ।केहि उदाहरण

सि.न	मैजुदा कार्यक्रम	रकम	परिवत्तित कार्यक्रम	रकम	निर्णय मिति
१.	लक्षित बर्ग	५००	विभिन्न ३ कार्यक्रम	५००	०७७।३।३
२.	गरीवसँग विशेश्वर	२५०	विभिन्न ४ समुह	२५०	०७७।२।६
३.	कृर्षि बिकास साझेदारी	नखुलेको	विभिन्न ३ वटा	नखुलेको	०७७।२।६
४.	विभिन्न ५ कार्यक्रम	५०००	कोभिड कोष	५०००	०७७।२।६
५.	विभिन्न २ कार्यक्रम	४१०	फौजिकिरा नियन्त्रण	४१०	०७७।२।६
६.	साझेदारी कार्यक्रम	८००	विभिन्न ८	८००	०७७।१।१६
७.	विभिन्न ७१ कार्यक्रम	७२९१	विभिन्न ८० वटा	४२४२७	०७६।१२।५

१०. **प्रगति विवरण नभएको** ःस्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिवाट सञ्चालीत १५० योजनाहरु समेत कुल १५८ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरुको प्रगति विवरण पेश हुन आएन । सञ्चालीत योजनाहरुको कार्यसम्पन्न अवस्था, वितिय एवं भौतिक प्रगति स्थीति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अत ः स्वीकृत कार्यक्रम बमोजीम कार्य सञ्चालन र सञ्चालीत कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

११. सञ्चालन नभएका तथा शुन्य प्रगति भएका कार्यक्रममहरु निम्नानुसार रहेका छन् प्राप्त कार्यक्रमहरु संचालन गरी वजेट उपयोग क्षमता बढाउनुपर्दछ ।

सि. न.	बजेट/उपशिर्षक	बजेट	कार्यक्रम **खर्च**
१	विविध कार्यक्रम	२२	००
२	विशेष अनुदान	१७५००	००
३	दलित अभिमुखिकरण कार्यक्रम	५००	००
	जम्मा	**१८०२२**	

१२. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.		कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	पूँजीगत खर्च शीर्षक		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिनाको मात्र खर्च
	पुजिगत तर्फ	१८३६८३	५५३०	४४११४	१३४०३९	१०४४१३
	खर्च प्रतिशत	१००	३.०१	२४.०१	७२.९७	५६.८४

१३. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	५०५१९०००	३५७७१२०४	९.८५
सामाजिक क्षेत्र	२१९८३११३३	१५५५६८०८४	४२.८४
पूर्वाधार विकास क्षेत्र	१५२९३९८७३	१२९५८२२०५	३५.६८
सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र	२७९३०००	१४३४७१३	०.३९
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	६२९६६०००	४०७३२९२९	११.२१
जम्मा	**४८९०४९००६**	**३६३०८९१३६**	**१००**

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

१३.१. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु५९७९६४७।७७ राजस्व बाँडफाँड र अनुदानबाट रु३८५२६४७२७ र अन्य समेत रु४९४१५९२७६ आम्दानी भएकोमा चालु तर्फ रु१७९४०६२९२।९९ र पूँजिगत तर्फ रु१८३६८२८४३।४५ र बित्तिय ब्यबस्था तर्फ रु ० र अन्य समेत रु ४६४३१०५३७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु२२४६७०० खर्च भएको छ जुन आन्तरिक आयको ३७.५७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४६.४६ प्रतिशत चालु र ४७.६७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१३.२. लेखापरिक्षण लाई प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरीक आम्दानी रु५९७९३४८ रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु४०७३२९२९ रहेको छ । आन्तरीक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा ६.८१ गुणा बढी रहेको छ । पालीकाले आन्तरीक आम्दानी थप स्रोतहरु बढाउन पहल गर्नुपर्दछ ।

१३.३. **अधुरा आयोजना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष कोल्ड स्टोर मा रु ६ करोड र वडा नं १ र ४ को वडा कार्यालय भवन निर्माणमा

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	रु१५००० हजार बजेट ब्यवस्था भएकोमा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यसरी सम्झौता गरी सम्पन्न हुन नसकि अधुरो रहन गएको उपयुक्त देखिएन ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१४.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ११ पदमा २३ जना कर्मचारीहरु करारमा राखी रु.१२३४७४४३ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न सु.प्र.अ १, इन्जिनियर १, सहायक पाचौ १, क.अ पाचौ १, सुपरभाइजर १, अमिन चौथो १ गरि ६ पदमा ११ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२४६९१४८ भुक्तानी गरेको देखिन्छ ।	
१५.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषको ब्यवस्था गरेको पाइएन ।	
१६.	**कर्मचारी फिल्ड भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष ६ जना मध्ये ४ करारतर्फको रु ६१८९९६ र २ जना स्थायि तर्फको रु १२५३७० गरी प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता वापत रु ७४४३६६ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	
१७.	पालिकाले अतिरिक्त समयमा कार्यगरेवापत म्यानुअल हाजिरी संलग्न गरी विभिन्न कर्मचारीहरुलाई खाजा खर्च वापत यस बर्ष कुल जम्मा रु ११२३५७९ खर्च लेखेको छ ।	
	• **कानून निर्माण एवं कार्यान्वयन**	
१८.	**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ५ वटा नियमावली, १२ वटा कार्यविधि लगायत ४७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको पाइयो ।	
१९.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ० र यो बर्ष थप भएको ५५ गरी कुल ५५ विवाद दर्ता भएकोमा ५४ वटा मात्र फछ्र्यौट भई १ वटा बाँकी	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२०.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको कोलेनिका चरीकोट बाट अन्तरसरकारी हस्तान्तरीत कार्यक्रम बाहेक अन्य शिर्षकको आन्तरिक लेखापरीक्षण आलेप शाखा गठन गरी १ आलेप सहायक वाट लेखापरिक्षण भएतापनि प्रभावकारी भएको देखिएन ।	
	• **पदाधिकारी सुविधा**	
२१.	**पदाधिकारी सुविधा** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएको सुविधा पाउने ब्यवस्था छ । पालिकाले यस बर्ष संचारमा रु.१९७७००, खाजामा रु.२४६०००, पुस्तक, पत्रपत्रिका, इन्टरनेटमा रु.१३२००० सरसफाई तथा मर्मतमा रु.५७०००, डिजेल पेट्रोलमा र समन्वयमा रु.२६४०००, अतिथि सत्कारमा रु.२९१००० र ०७६।४।१ देखि ०७६।६।३० सम्मको पारीश्रमिकमा १०५९००० गरी जम्मा रु.२२४६७०० खर्च लेखेको पाइयो ।	
	पालिकाले विभिन्न २ पटक गाँउसभा संचालन गर्दा उपस्थित जनप्रतिनिधिहरुलाई खाना, खाजा, यातायत खर्च र होटल बास बापत रु६१३५७० खुद भुक्तनि खर्च लेखेको छ ।यस्तो खर्चमा मितब्ययिता कायम गर्नुपर्दछ ।	
२२.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१९१७६८० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
२३.	**सामाजिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.७३६१९१९ आर्थिक सहायता र रु ४८०००० अन्य सहायता गरी जम्मा रु ७८४१९१९ सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
	• **अनुदान प्राप्ति, वितरण र फिर्ता**	
२४.	**अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार संघिय शशर्त तर्फको अन्य अनुदान प्राप्ती भएको रु३६०९०७।५० अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको रकम एकिन गरी सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु	३६०९०७
२५.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.स	कार्यक्रम	लाभग्रही	अनुदान रु
१.	बाख्रापालन अनुदान	३६	३६०००००
२.	बंगुर पालन अनुदान	४	४०००००
३.	माछापालन अनुदान	१	१०००००
४.	कुखुरा पालन अनुदान	२	२०००००
५.	चौरी पालन अनुदान	१	१०००००

२६. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका १९ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.१९ लाख अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

सि.नं.	अनुदान पाउने संस्थाको नाम	प्रयोजन	अनुदान रकम
१.	जलजले कृर्षि सहकारी संस्था लमिटेड	उत्पादन साझेदारी	१०००००
२.	आलेश्वरी साना कृर्षि सहकारी संस्था लमिटेड	उत्पादन साझेदारी	१०००००
३.	उज्यालो महिला सहकारी संस्था लमिटेड	उत्पादन साझेदारी	१०००००
४.	एकिकृत शैलुङ साना किसान समुह	उत्पादन साझेदारी	१०००००
५.	कुम्भेश्वर बहुमुखी सहकारी संस्था लमिटेड	उत्पादन साझेदारी	२०००००
६.	विभिन्न १३ कृर्षि फार्म समुह	उत्पादन साझेदारी	१३०००००
	जम्मा		१९०००००

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२७. **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१०५२९३७ भुक्तानी दिएको पाईयो ।

सि.नं.	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
१.	योजना जाँचपास तथा फरफारक समित बैठक ८ जना	वैठक भत्ता भुक्तानी	१०८०००
२.	करार कर्मचारी छनौट र ठेक्का मुल्याङ्कन समिति बैठक भत्ता ७ जना	वैठक भत्ता भुक्तानी	५३५००
३.	गाउपालिका राष्ट्रिय महासंघ	सदस्यता शुल्क	२००००
४.	अनुगमन भत्ता लगायत	अनुगमन भत्ता	२३१२२७
५.	प्राविधिक कर्मचारी	तलब भत्ता	६६०२१०

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०५२९३७</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>अनुत्पादक खर्च - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१२५०००० खर्च गरेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>हिले जात्रा महोत्सव आयोजक</td><td>महोत्सव</td><td>४०००००</td></tr>
<tr><td>२.</td><td>नव शैलुङ लालिगुरास समाज</td><td>फुटवल प्रतियोगिता</td><td>२५००००</td></tr>
<tr><td>३.</td><td>चर्णावति त्रिवेणि विकास तथा प्रर्बर्धन संघ</td><td>बद्ध आश्रम अनुदान</td><td>५०००००</td></tr>
<tr><td>४.</td><td>पत्रकार महासंघ दोलखा</td><td>सार्वजनिक सुनुवाई</td><td>१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१२५००००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>महोत्सव तथा अन्य खर्च - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.४००००० खर्च गरेका छन ।</td><td></td></tr>
<tr><td></td><td>• कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>३०.</td><td>गिट्टीबालुवाको करः ,ढुंगा , स्थानीय सरकार संचालन ऐन ,२०७४ को साबिक दफा को उपदफा ट्ढ १, १(च), ३ र ४ मा ढुंगा गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार , करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको ,रहने कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन , २०७५ द्वारा खारेज गरी दफा ६२ बालुवा बिक्री गरी ,ढुंगा ,थप गरेर स्थानीय तहहरुले गिट्टी (क) प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेशआर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा ,गिटी , बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस (५) प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा , ,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड ,बालुवा उत्खन्न ,गिट्टी२०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२ बिपरित देखिन्छ (क)। यस गाँउपालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष आय ठेक्काको रु २४६७५९ नगदी रसिद बाट कर संकलन गरि राजस्व प्राप्त गरेकोमा रु ९८७०३।६० प्रदेशसंचितकोष मा पठाएको र रु१४८०५५।४० स्थानिय संचितकोषमा जम्मा गरेको पाईयो । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर	२०००००	००	००
वहाल कर	२०००००	४०९९८२।५०	२०४.९९
व्यवसाय कर	१००००००	२१९२०७	२१.५२
वहाल विरौटी शुल्क	१०००००	४५२६४६	४२५.४६

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
३२.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता ९६ तथा नवीकरण ११ शुल्क वापत रु८४०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरभित्र ल्याउनु पर्दछ ।	
३३.	**दहत्तर बहत्तर शुल्क** - गाँउपालिकाले पालिकावाट ढुङ्गा ढुवानी र अम्रिसो निकासी वापत रु २००० र वडा कार्यालय ७ को मिति ०७६।४।२९ को पत्रानुसार रु २४४७५९ को ढुङ्गा गिटी वालुवा संकलन गरेको पाइयो । कुल संकलित रकम रु२४६७५९ मिति २०७७।६।१५ मा रु ९८७०३।६० प्रदेशमा पठाएको देखिन्छ । गाँउपालिकामा यस्तो प्रकृतिको कर उठाउने सम्न्धी कुनै निर्णय र अधिकार संलग्न भएको पाइएन । नियमानुसार मात्र अधिकार प्राप्त गरी कर संकलन गर्नु पर्दछ ।उक्त संकलित रकम रु २४४७५९ को १३ प्रतिशत का दरले हुने मुअकर रु ३१८१८।६७ राजस्व दाखिला भएको पाइएन ।	
३४.	**आन्तरीक आम्दानीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राखुपर्ने व्यवस्था रहेको छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु.५९७९६४७।७७ गरेको बिवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र ८ वटा वडा कार्यालयहरुले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरु र बाकी रहेका रसिदहरुको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं १०५, १०६, १०७ र १०८ लगायत निम्नानुसारका अभिलेखहरु ब्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन ।	
३५.	**वडागत आम्दानीः** गाँउपालिकावाट प्राप्त आम्दानी विवरण अनुसार पालिकातर्फको र वडागत रुपमा नगदि रसिद बुझिलिएको फिर्ता गरेको र सोको आम्दानी विवरण यस प्रकार रहेको छ ।	

क्र स	गएको ठेलि नगदि/मालपोत	फिर्ता आएको ठेलि	आम्दानि रसिद रु.	मालपोत रसिद रु.	जम्मा रकम रु.	बैक दाखिला रकम	बाकिँ	कैफियत	दाखिला समय
वडा नं. १ मान बहादुर तामाङ १६	नगदि ५ तथा मालपोत ११	फिर्ता रसिद १६	३३,०२०	१४३,३४८	१७६,३६८	१३२३७३	४३,९९५		पटक पटक

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

वडा नं. २शुक्रध्वज तमाङ १० मनकुमार थापा १	५ नगदि तथा ६ मालपोत	फिर्ता रसिद ११	५६,१००	५०,५३४	१०६,६३४	१०२०३३	४,६०१		पटक पटक
वडा नं. ३ उषा कार्की ९ धुब्र कुमार श्रेष्ठ १ तारा श्रेष्ठ ५	८ नगदि तथा ६ मालपोत	फिर्ता रसिद १५	२१५,४३३	४५,४५४	२६०,८८७	२५८७९४	२,०९३	१२००८ धरौटी तथा ६०० साउनमा दाखिला ५ पन्ना पुरानो	जेठ असारमा
वडा नं. ४ माधव प्रसाद भण्डारी १४ चिना तामाङ १ र पुरानो चिना तामाङ	७ नगदि तथा १८ मालपोत	फिर्ता रसिद 25	७७,५२०	६३,५९७	१४१,११७	१४११२२	(५)	३ नगदि र ६ मालपोत पुरानो	असारमा
वडा नं. ५ शिव ब. कथायत४ रेजिना खड्का १ निर्मला अधिकारि ढुङ्गेल ५ साजन बुढाथोकी २ एलिजा आचार्य २ कृष्ण ढुङ्गेल ३ सुदन कार्की ३	६ नगदि तथा १४ मालपोत	फिर्ता रसिद 20	६४,९९५	७४,९११	१३९,९०६	७९२५९	६०,६४७		पटक पटक
वडा नं. ६राजु खड्का १८	८ नगदि तथा १० मालपोत	फिर्ता रसिद 18	१२१,८३०	९४,०४३	२१५,८७३	११५२६४	१००,६०९		पटक पटक
वडा नं. ७सुदर्शन प्रसाद काफ्ले १० सपना चौलागाइ २ उरामिला चौलागाइ ७	९ नगदि तथा १० मालपोत	फिर्ता रसिद 19	९५,८५०	७२,१७४	१६८,०२४	१३०५९१	३७,४३३		पटक पटक
वडा नं. ८रुद्र बहादुर थपलिया १७	७ नगदि तथा १० मालपोत	फिर्ता रसिद 17	६१,३८२	९६,३८५	१५७,७६७	१४१६४२	१६,१२५	१ वटा नगदि रसिद ७७/७८मा प्रयोग भएको	पटक पटक
जम्मा			७२६,१३०.००	६४०,४४६.४९	१,३६६,५७६.४९	११०१०७८			

पालिकातर्फको:

विवरण	फिर्ता	रकम	दाखिला	बाकी	कैफियत
आंशिक रुपमा ३ वटा प्रयोग र बाकी अनलाईन एम्बुलेन्स	५	१२३०६४५	१२३३१४५	२५०० बढी दाखिला	राचन्द्र गौताम तथा एम्बुलेन्स
१ वटा	१ वटा	८९०००	८७०००	२०००	रामचन्द्र गौतमको रं.नं २०९२ देखि २१०० सम्म
४ वटा आशीक	४	१०६७४२	००	१०६७४२	दिपक मोक्तान
१० वटा नगदी रसिद	१०	४८७०००	४४६०००	४१०००	विवि तामाङ

क. आन्तरीक आयमा प्रयोग हुने रसिदहरुको छपाई, आम्दानी, खर्च र बांकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित नरहेको,

ख. गत आ.व.मा छपाई भएका नगदि रसिदहरु समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको,

ग. वडामा पठाइएको रसिदहरु र हाल रसिदको अवस्थाको सम्वन्धमा अभिलेख अद्यावधिक नभएको,
घ. आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ ।बैक भौचरका अधारमा अम्दानी

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	बाधेको र सो अम्दानी के कहिले अम्दानी भयो वडागत रुपमा अभिलेख राखेको पाईएन । अभिलेख ब्यवस्थितगरी समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । **ङ** वडा नं ३, ४ र ८ का उल्लेखित तालिका विवरण अनुसारका ब्यक्तिहरुले गत विगतको नगदी रसिद समेत प्रयोगमा ल्याइरहेको अवस्था देखिएको छ । आम्दनी र बैक दाखिला सम्वन्धमा पालिकावाट एकिन हुनुपर्दछ । च. पालिकावाट रसिद प्रयोग गर्ने रामचन्द्र गौतमले आम्दानी रकम भन्दा रु ५०० बढी दाखिला गरेको सम्वन्धमा पालिकावाट एकिन हुनुपर्दछ । छ. गाँउपालिकावाट बुझिलिएका रसिदहरु आम्दानी मध्ये निम्नानुसारका तालिकामा उल्लेख भएका ब्यक्तिहरुले नगदी रसिदवाट भएको आम्दानी मध्ये रु३७२३८५ लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । दाखिला गर्न बाकी नगदी रसिदको आम्दानी रकम नियमानुसार लाग्ने ब्याज तथा हर्जना समेत हिसाव गरी असुल हुनुपर्ने रु	४१५२४५

सि.न	वडा नं	बुझिलिनेको नाम	दाखिला बाकी रकम
१.	१	मान बहादुर तामाङ	४३९९५
२.	२	शुक्रध्वज तामाङ र कुमार थापा	४६०१
३.	३	आम्दानी विवरणको ३ जना	२०९३
४.	५	विभिन्न ७ जना	६०६४७
५.	६	राजु खड्का	१००६०९
६.	७	विभिन्न ३ जना	३७४३३
७.	८	रुद्र बहादुर थपलिया	१६१२५
८.	पालिका	दिपक मोक्तान	१४९७४२
	जम्मा		४१५२४५

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	ज. वडा नं १ को मालपोत रसिद नं ३०३६ वाट मिति ०७६।५।२७ मा रु २१७ को मालपोत रसिदवाट आम्दानी देखाएकोमा पुन केरमेट गरी रु ७२ मात्र आम्दानी गणना गरेको देखियो । यस सम्वन्धमा पालिकावाट एकिन गर्नुपर्दछ । झ. वडा नं ५ को आम्दानी रसिद नं ५३०० वाट कार्वन प्रतिमा रु ४०० र हातले रु १०० थप गरी रु ५०० आम्दनी जनाएको छ । यस सम्वन्धमा एकिन हुनुपर्दछ । **ञ**. पालिकावाट गंगामाया जिरेलले बुझिलिएको रसिद नै २०८३ बाट रु ८०० आम्दानी गरेको देखिएकोमा उक्त रसिदको आम्दानी गणना नगरेको र रसिद रद्ध पनि नगरेको अवस्था देखिन्छ । यस सम्वन्धमा एकिन गर्नुपर्दछ ।	
३६.	**सडक दस्तुर कर संकलनः** गाँउपालिकाले सडक उपयोग वापतको संकलन ठेक्का नलागेसम्मका लागि १० प्याड नगदी रसिद वाट रु ४८७००० आम्दानी गरेको पाइयो । गाँउपालिकाले स्थानिय ब्यक्ति विवि तामाङलाई नगदी रसिदवाट कर संकलन गर्न खटाएकोको पाइयो । उक्त रसिदवाट भएको आम्दानी मध्ये रु ४४६००० विभिन्न ५ पटक दाखिला गरेको र बाकी रु४१००० लेखापरीक्षण अवधिसम्मपनी दाखिला गरेको पाइएन । दाखिला बाँकी रकम नियमानुसार लाग्ने ब्याज तथा हर्जना सम्त एकिन गरी असुल गर्नुपर्ने रु **क**. नगदि रसिदवाट कर संकलन गर्दा संकलन गरेको रकम रु ४८७००० को १३ प्रतिशतले हुने मुअकर रु ६३३१० राजस्व नोक्सानी भएको देखिन्छ ।	४१०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	ख. उल्लेखित कर संकल न रु ४८७००० संकलन गर्नको लगि संकलन कर्तालाई मासिक रु २१००० का दरले करार सम्झौता गरी बार्षिक रु २५२००० खर्च भएको पाइयो ।	
३७.	**सडक उपयोग सेवा शुल्क ठेक्काः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२(२) घ बमोजिम गाँउपालिकाद्धारा निर्माण, संचालन तथा ब्यवस्थापन भएको सडक उपयोग गरे वापत सेवा शुल्क स्कलन गर्न ठेक्का बन्दोबस्त गर्ने गाँउपालिकाको मिति २०७७।।१६ मा निर्माण भएको देखियो । गाँउपालिकाबाट मिति २०७७।१।३१ मा न्युनतम ठ्क्का अंक रु१० लाख तोकी सुचना प्रकाशन गरेकोमा कुनै पनि वोलपत्र नपरेकोले दोश्रो पटक रु ८ लाख ठेक्का अंक तोकी मिति ०७७।२।१८ मा पुन सुचना प्रकाशन गरेको पाइयो । गाँउपालिकामा परेको ३ वटा वोलपत्रमध्ये सवैभन्दा बढी कबोल गर्ने कृष्मा निर्माण सेवा प्रालिबाट निला श्रेष्ठले बढी कबोल गरेको रु ८००१०० मा गाँउपालिकाबाट मिति २०७७।३।१५ मा ०७७।३।१५ देखि ०७८ असार मसान्तसम्मका लागि सम्झौता गरेको पाइयो । यस सम्वन्धमा देखिएका ब्यहोरा निमनानुसार रहेका छन ।	
३७.१.	**१.**सम्झौताको बुदा नै ४ मा कबोलदाताले एकमुष्ठ रकम बुझाएकामा १० प्रतिशत छुट दिने उलेलेख छ । सम्झौता अंकमा १० प्रतिशत छुट गर्दा हुने रु ७२००९० मा कबावलदाताले ०७७।३।१४ मा एकमुष्ठ रु ६९३३९० मात्र बुझाएको र बाँकी ४०००५ धरौटी रकम समेत छूट रकममा समावेश गरेकोले धरौटी बापतको रकम रु ४०००५ गाँउपालिकाको धरौटी खातामा दाखिला हुनुपर्ने रु	४०००५
	२.कबोल दातासँगको सम्झौताको बुदा नं ५ मा कबोलदाताले नै नियमानुसार लाग्ने मुअकर आन्तरीक राजस्व कार्यालयमा बुझाउनुपर्ने उल्लेख छ । सम्झौता रकमको १३ प्रतिशत ले हुने रु १०४०१३ मुअकर दाखिला नगरेकोले मुअकर छुट रकम असुलि गरी राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु	१०४०१३
	३.सम्झौताको बुदा नं ६ मा नियमानुसार लाग्ने आयकर कबोलदाताले नै बुझाउनुपर्ने उल्लेख रहेकोमा सम्झौता अंकको १.५ प्रतिशतका दरले हुने रु १२००१।५ असुल गरी राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु	१२००१
	४.गाँउपालिकाले कबोलदातासँग कबुलियत फाराम तयार गरी सम्झौता पत्र तयार गरेकोमा ब्यवसायिको तर्फवाट सम्झौतामा हस्ताक्षर नभएकोले उक्त सम्झौता पत्रको मान्य हुने नहुने सम्वन्धमा एकिन गर्न सकिएन ।	
	५.सम्झौताको बुदा नै २ मा आय संकलन गर्दा करदातालाई लिइने भर्पाई रसिद पालिकाबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने उल्लेख भएकोमा के कति रसिद प्रमाणित गरी लगेको हो होइन सो को अभिलेख र पुष्ट्याई पेश हुन आएन ।	
	• **आयकर एवं मू.अ.कर**	
३८.	**रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.६४६५५ समेत रु.११२४०१६ समाना तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	६४६५५

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>४।०७६।११।४</td><td>जिपि।रामसागर।आर एस जेभि</td><td></td><td>हातले विजक सच्चाएको</td><td>११२४०१६</td><td>६४६५५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९.</td><td>दाखिला बाकी करः आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम कट्टि गरेको कर रकम रु ११५२२ दाखिला गरेको पाइएन । उक्त रकम सम्वन्धित राजस्व शिर्षकमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु</td><td>११५२२</td></tr>
<tr><td></td><td>उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>४०.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ज) र खण्ड (ट) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने लगायतका व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु.१ करोडसम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी गर्न सकिने र यस्तो कार्यमा नगद लागत सहभागिता वा श्रमदान गर्नुपर्ने, स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचा अनुसार अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ ।

मोटर बाटो खन्ने तथा चौडा गराउने, विभिन्न भवनहरु निर्माण गर्ने लगायतका भौतिक पूर्वाधारका कार्यहरु, कृषि, पशु, स्वास्थ्य, शिक्षा तथा जनचेतना र सशक्तिकरण लागायत सामाजिक, आर्थिक र भौतिक पुर्वाधार क्षेत्रका विभिन्न कार्यहरुमा रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत गराउने गरेको छ । मोटरबाटो लगायत अधिकांश कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । हेभि मेशिनहरु प्रयोग गर्दा प्रायजसो कार्यहरुमा उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गर्ने गरिएको छ । धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाईबाट देखियो । अधिकांश योजनामा सडक निर्माणको कार्यमा न्यूनतम २० प्रतिशत र अन्यमा न्यूनतम १० प्रतिशतको हाराहारीमा जनसहभागिताको अंश राखी सम्झौता गरिएकोमा अधिकांशमा १० देखि २० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराइएको छ भने केहि थोरै योजनामा मात्र सोभन्दा बढी प्रतिशत जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण तथा अन्य कार्यहरुको नापी किताव, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा काम शुरु, सम्पन्न र फरफारक गरेको मिति र अवधि खुल्ने गरेको छैन । योजना</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन ।

जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने, योजना कार्यन्वयनमा जनसहभागिता र अपनत्व थप बृद्धि नगर्ने, खर्च सार्वजनिक नगर्ने जस्ता कानूनमा उल्लेख भएका प्रावधानहरुको पालना नगरेको प्रति सम्वन्धित प्राविधिक, कार्यालय तथा पदाधिकारीले समेत ध्यान दिएको देखिएन । उपभोक्ताले गर्ने श्रममुलक कार्यमा जनसहभागिताको अंशमा बृद्धि गरि योजनाको स्वामित्व र लागत प्रभावकारितामा बृद्धि गर्नुपर्ने देखियो । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवान, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमहरु को सार्वजानिक सुनवाई गरेको जनाएतापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाहरुको न्युन उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>कन्ट्रयाक्टरको विल रकम</th></tr>
<tr><td>२४।०७६।८।९</td><td>कुवा मार्ग विर्ता भकारे सडक सुधार शैलुङ</td><td>नरम माटो खन्ने कार्य</td><td>७६८०००</td><td>एक्साभेटर</td><td>८५९३८३</td></tr>
<tr><td>३६।०७६।१०।७</td><td>मागाफेदि सडक</td><td>विभिन्न प्रकारको माटो खन्ने</td><td>९६००००</td><td>एक्साभेटर</td><td>११११५५४७</td></tr>
<tr><td>४६।०७६।१०।१७</td><td>दुर्गा मावि भुमेस्थान सडक शैलुङ ४</td><td>विभिन्न प्रकारको माटो खन्ने</td><td>५७६०००</td><td>एक्साभेटर</td><td>६४५९५०</td></tr>
<tr><td>१३८।०७७।३।८</td><td>वडाकेन्द्र जम्वुसिंङ सडक निर्माण शैलुङ</td><td>विभिन्न प्रकारको माटो खन्ने</td><td>२३९८०००</td><td>एक्साभेटर</td><td>२६८६४६९</td></tr>
</table></td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२०६।०७७।३।२९	फस्कु पाडेखानी भैसे सडक	विभिन्न प्रकारको माटो खन्ने	४७९८०००	एक्साभेटर	५३७६५४०

४२.१. माथि उल्लेख गरिएका लगायत अधिकांश योजनाहरुको गाँउपालीकाले उपभोक्ता समितिसँग सम्झौता गरी प्राविधिक कार्यसम्पन्न प्रतिवेदनको अधारमा भुक्तानी दिएको छ । अधिकांश उ.स. हरुले एक्साभेटर लगायतका हेभिइक्युपमेन्टहरु प्रयोग गरेको निर्माण ब्यावसायिका कर बिजकहरु पेश गरी भुक्तानी लिएको छ । उपभोक्ता समितिले भुक्तानी लिएको रकमको तुलनामा बढी मुल्यका कर बिजकहरु पेश गरी निर्माण ब्यवसायीले गाँउपालिकाबाट भुक्तानी लिएको रकमभन्दा बढी रकम उपभोक्ता समितिसँग भुक्तानी लिएको पाइएकोले उत्त निर्माण कार्यहरु बास्तवीक रुपमा भएका छन भनी एकिन हुन सकिएन ।

४३. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गराई प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

सि.न	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१.	गा.पा कम्पाउण्ड नि.उ.स	कम्पाउण्ड निर्माण	६१४४०००
२.	गा.पा भवन नि.उ.स	भवन निर्माण	४७११९४५
३.	महिला सुरक्षित घर नि.उ.स	भवन निर्माण	१२५०९४२
४.	गा.पा कालापानी प्रतिक्षालय नि.उ.स	प्रतिक्षालय निर्माण	१९८८०३३
५.	गा.पा पोखरी नि.उ.स	पोखरी निर्माण	४९३५५००
६.	शैलुङ रंगशाला नि.उ.स	रंगशाला निर्माण	९६००००
७.	वडा नं ७ भवन नि.उ.स	भवन निर्माण	२८१२४७६
८.	थामी गुम्वा नि.उ.स	भवन निर्माण	४८००००
९.	सौर्य वत्ति जडान नि.उ.स	सौर्य बत्ति जडान	१५५६०००
१०.	मनमोहन स्मृति भवन नि.उ.स	भवन निर्माण	४८००००
११.	बाघखोर शौचालय निर्माण	शौचालय निर्माण	९५०३३४

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४४. **वील भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ । उपभोक्ता समिति मार्फत भएका निम्न योजनामा उपभोक्ता समितिले निर्माण व्यवसायीका एक्साभेटर । डोजर प्रयोग गरी सडक मर्मत तथा खन्ने कार्य गराई कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण र दरमा उ.स.ले भुक्तानी लिएकोमा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको रकम भन्दा कमका निर्माण व्यवसायीको कर विजक पेश गरेको पाइयो । कार्य सम्पन्न प्रतिवेदन अनुसार पुरै रकमको वील भर्पाइ पेश हुनुपर्नेमा घटी वील पेश गरेको निम्नानुसारको रकम सम्वन्धीत उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु.... १२८६९७

दफा	भौ.नं., मिति र व्यहोरा					बेरुजू रकम
	भौ न मिति	**योजना**	**कामको विवरण**	**मुल्याङ्कन रकम**	**बिल पेश**	**घटी वील**
	७३।०७६।१२।६	आहाल डाँडा कालापनी सडक शैलुङ ६	विभिन्न प्रकारको माटो खन्ने कार्य	४५०९४४	३९८५०८	५२४३६
	२०५।०७७।३।२९	ओखरेबोट घडीको आहाल गोठेपानी सडक	विभिन्न प्रकारको माटो खन्ने	२४३१९०	१७९३७५	६३८१५
	२३९।३।२६	विरेन्द्र मावि घेरावार	घेरावार निर्माण	४८००००	४६७५५४	१२४४६
		जम्मा				१२८६९७

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
४५.	**निशर्त अनुदान** आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । वडा नं ३ ढुङ्गे स्थित नेपाल ग्रामीण पुन निर्माण संस्था आर आर एन र गाँउपालिकाको साझेदारीमा निर्मित ढुङ्गे सामुदायिक स्वास्थ्य इकाई भवन तथा शौचालय निर्माण गर्दा सिमेन्ट र रड खरिद गरेको रु२०८९३५ को फोटोकपि विल पेश गरी रु२००००० भुक्तानी भएको छ । उक्त रकम भुक्तानी गर्दा शैलुङ गाँउ कार्यपालिकाको बैठकले उक्त स्वास्थ्य इकाईलाई रु२००००० निशर्त अनुदान उपलब्ध गराउने भन्ने निर्माण गरी सो अनुरुप भुक्तानी भएको छ ।गाँउपालिकाले निशर्त अनुदान दिने प्रावधान राखि भुक्तानी दिएको उचित नदेखिएको रु	२०००००
४६.	**सव कन्टयाक्टरवाट काम गराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट काम गराउन नहुने उल्लेख छ । कार्यालय र उपभोक्ता वीच सम्झौता भई वाटोको ट्रयाक खोल्ने, पहिरो हटाउने लगायतका वाटो, मोटर वाटो सम्बन्धी काम उपभोक्ताले गर्ने भनिएपनि स्रेस्ता परीक्षण गर्दा अकिकांश काम निर्माण व्यवसायीवाटै गराउने गरेको देखियो उपभोक्ताले पेश गरेको विलमा केही निःशुल्क श्रम वापत भनी मस्टररोलमा काम गरेको देखाएपनि अधिकांश योजनाहरुको निर्माण कार्य निर्माण व्यवसायीवाटै गराएको उल्लेख गरी उपभोक्ताको योगदान बाहेकको बाकी रकम निर्माण ब्यावसायीको कर विजक पेश गरी भुक्तानी गरेको पाइयो । कानूनको परिपालना नगरी काम गराएकोलाई नियमसम्मत मान्न सकिएन । केही उदाहरण निम्नछन्ः	

भै.न.मिति	उपभोत्ताको समितिको नाम	कामको विवरण	ल.ई	निर्माण व्यवसायी	भुक्तानी रकम	कन्ट्र्याक्टरको विल
६०।०७६।११।१४	कालापानी जग्गा विकास	विभिन्न प्रकारको माटो खन्ने	१०९३७२४	सुब्बा शैलुङ निर्माण सेवा	६७४६५७	७७१८७४
७१।०७६।१२।६	शरशर्पा घलेगाँउ सडक शैलुङ १	विभिन्न प्रकारको माटो खन्ने	५३५२६७	सन्जु हेभि इक्युपमेन्ट प्रालि	४७८०००	५४२९२८
८६।०७७।१।१५	गैरी काँडे सडक शैलुङ	विभिन्न प्रकारको माटो खन्ने	५३६१००	सन्जु हेभि इक्युपमेन्ट प्रालि	४७८०००	५६१९३४
९४।०७७।१।२४	रिचार्ज पोखरी निर्माण	विभिन्न प्रकारको माटो खन्ने	२६६९७८६	एम.डि कन्ट्रक्सन शैलुङ ३	२३६५५२६	२६२६०६०
१८५।०७७।३।२८	स्याङ स्याङ माली ध्याङ सडक शैलुङ २	विभिन्न प्रकारको माटो खन्ने	१६०७६९१	सन्जु हेभि इक्युपमेन्ट प्रालि	१४४००००	१६३८४०२

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४७.</td><td>लागत सहभागिताः सार्वजनिक खरिद नियमावलिको नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिदा उपनियम ३ को खण्ड (ख) बमोजमिको लागत अनुमानमा रहेको मुल्य अभिवृद्धिकर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्दछ भनि उल्लेख गरेको छ । लागत अनुमानमानै मेशसिनको दर राखी अधिकांश योजनाहरुमा उपभोक्ता समितिले मेशिन प्रयोग गरी सडक माटो काट्ने कार्य गराएकोमा मेशिनको विल मात्र पेश गरिएको छ । कार्यसम्पन्न प्रतिवेदनमा लागत अनुमान भन्दा बढी रकम मुल्याङ्कन गरी गाँउपालिकाले ब्यहोर्ने रकम बाहेकको रकम उपभोक्ताको योगदान भनि देखाइने गरेको छ । कार्य बढी भएतापनि डोजर प्रयोग मात्र गरी सोही अनुसार डोजरको विल पेश गरी भुक्तानी लिएको कारण योजनामा प्रत्यक्ष रुपमा उपभोक्ताको योगदान रहने गरेको छैन । केवल देखाउने कार्य मात्र भएको छ । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>सार्वजनिक खरिद नियमावलिको नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितावाट ब्योहोरीएको श्रम, नगद वा जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ ।कतिपय योजनाहरुमा उपभोक्ता समितिहरुले एक्साभेटर प्रयोग गरी माटो खनेको तथा सोलिङ गरेको कार्य गरेकोमा बाटोको च्यानेज नखुलाई यहाँ देखि यहाँसम्म भनि नापि कितावमा ठाँउको नाम र परिमाण मात्र राखि मुल्याङ्कन गरी भुक्तानी गरेको कारण मुल्याङन यथार्थ भएको छ भनि भन्न सकिने अवस्था रहेको छैन ।</td><td></td></tr>
<tr><td>४९.</td><td>नर्म्सको प्रयोगः सार्वजनिक खरीद नियमावली २०६४ का नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स वमोजीम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत गराई नर्म्स बमोजिम लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ र नियम १०(४) मा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीको दरभाउपत्र, मेशीन उपकरणको भाडा तथा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट आधारमा गर्नुपर्ने उल्लेख छ । लागत अनुमान रु६८७८३७४।६८ रहेको गाँउपालिका कार्यालय कम्पाउण्ड वाल निर्माण कार्यको लागि उपभोक्ता समिति र गाउपालिकाबिच सम्झौता भई रु६८९१९३६।३५ को कार्यसम्पन्न पेश गरी उपभोक्ता समितिले रु ६१४४००० भुक्तानी लिएको छ । उपभोक्ता समितिले पेश गरेको विल भर्पाई परीक्षण गर्दा पिसिसि, आरसिसि, ढुङ्गाको गाहो लगाउने इट्टाको गाहो लगाउने र प्लास्टर गर्ने कार्यको दर विश्लेषण अनुसार मुल्याङ्कन परीमाण र प्रयोग भएको सामानको उपभोक्ता समितिले पेश गरेको विलमा निम्नानुसार अन्तर देखियो ।
<table>
<tr><th>कामको विवरण</th><th>दर विश्लेषण अनुसार मुल्याङ्कन भएको परिमाण</th><th>उपभोक्ता समितिले पेश गरेको विलको परिमाण</th><th>फरक परिमाण</th></tr>
<tr><td>पिसिसि, आरसिसि इट्टा ढुङ्गाको गाह्रो लगाउने र प्लास्टर गर्ने कार्यमा प्रयोग भएको सिमेन्ट</td><td>७७० बोरा</td><td>१४५० बोरा</td><td>६८० बोरा</td></tr>
<tr><td>रड</td><td>३४४७ केजि</td><td>५२५९ केजि</td><td>१८१२ केजि</td></tr>
<tr><td>इट्टा</td><td>५०४१६ गोटा</td><td>४८१०० गोटा</td><td>२३१६ गोट</td></tr>
</table></td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	यसरी निर्माण कार्यको मुल्याङ्कन र खरिद विल अन्तर हुनाले निर्माण कार्यमा प्रयोग गरेका सामानको वास्तविक परीमाण एकिन गर्न सकिएन । यस्तो निर्माण कार्य गर्दा निर्माण ब्यवसायि मार्फत गराई खरिद प्रक्रिया मितब्ययि हुनुपर्नेमा सो गरेको पाइएन । निर्माण कार्य गराउँदा निर्माण ब्यवसायि मार्फत गराउने यदि उपभोक्ता समिति मार्फत गर्नुपरे प्रयोग गरेको सामानको परिमाण अनुसारको विल पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।	
५०.	**वील भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ । लागत अनुमान रु५३५५६९१ रहेको गाँउपालिका भवन निर्माण कार्यको लागि उपभोक्ता र गाँउपालिका बिच सम्झौता भई रु५२५६८०० को कार्यसम्पन्न पेश गरी रु४७११९४५ भुक्तानी लिएकोमा दर विश्लेषण अनुसार कार्यसम्पन्न प्रतिवेदनमा रु३९५३.७४ केजि ब्लाक पाइप प्रयोग भएको देखाइएकोमा उपभोक्ता समितिले ३२७२ केजिको मात्र खरिद गरेको विल पेश गरेको छ । घटी विल ६८१.७४ केजिको प्रति केजि रु१५४.२७ ले कुने रु१०५१७२ सम्वन्धित उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु यस्तो निर्माण कार्य गराउदा वोलपत्रको माध्यमवाट खरिद गरी मितब्ययी खरिद प्रक्रिया अपनाउनु पर्दछ ।	१०५१७२
५१.	**वील भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ ।लागत अनुमान रु५३४१०९ रहेको पसल खोला कल्लेरी सडक शैलुङ २ निर्माण कार्यको उपभोक्ता समिति र गाँउपालिका बिच सम्झौता भएकोमा रु५२५९०० को कार्यसम्पन्न प्रतिवेदन पेश गरी रु ४७२६२७ भुक्तानी भएको छ कार्यसम्पन्न प्रतिवेदनमा २*१*१ को ग्याविन जालि १६ थान प्रयोग भएको देखाइएकोमा उपभोक्ताले ११ थान जालि खरिद गरेको विल पेश गरेको छ ।प्रति थान जालिको खरिद मुल्य रु२७४७।५८ ले घटी ५ थान जालिको रु१३७३७ र जालि भरेको १० घमिको प्रति घमि रु२५४६।२५ ले हुने रु२५४६२ समेत जम्मा रु३९१९९ सम्वन्धित उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु	३९१९९
	ठेक्का ब्यवस्थापनः	
५२.	**जमानतको म्यादः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजीम कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो संझौतामा उल्लिखित मालसामान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तीम अवधि वा प्रत्याभुती (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधी भन्दा कम्तिमा एक महिना बढी अवधीको हुनुपर्ने उल्लेख छ । कार्यालयले यस आ.ब.०७६।०७७ मा ठेक्का संझौता गरेका निम्नानुसार निर्माण कार्यको संझौतामा उल्लीखित कार्य सम्पन्न गर्नुपर्ने अवधिलाई थप गरि योजना म्याद थप गरेकोमा संझौता गर्दा निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानतको अवधि पनि थप गरी नियमावलीले व्यवस्था गरेको अवधि अर्थात थप १३ महिनाको कायम गर्नुपर्नेमा जमानतको अवधि १३ महिना सम्मको थप गरेको पाइएन ।योजनाको मयाद थप पश्चातको १३ महिना अवधि सम्मको अवधि कायम गरि निम्नानुसार कार्य सम्पादन जमानतको रकम, म्याद थप समेत गरी योजनाहरु सम्पन्न गर्नुपर्ने रु	८७३०७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

निर्माणकार्यको नाम	निर्माण ब्यवसायि	संम्झौता रकम	जमानत रकम	योजनाको अवधि	कार्य सम्पादन जमानत अवधि	हुनुपर्ने अवधि जमानतको म्याद	राख्नुपर्ने जमानत	नपुग
वडा कार्यालय भवन निर्माण मागापौवा	रिमाल निर्माण सेवा	७५२२२३९।६४	३३३०००	०७७।६।८	०७७।१।१८	०७८।७।१८	३७६१११	४३१११
वडा कार्यालय भवन निर्मण दधपोखरी	रिमाल निर्माण सेवा	७५२३९३४।६४	३३३०००	०७७।६।८	०७७।२।१८	०७८।७।८	३७६१९६	४३१९६
		जम्मा						८७३०७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अन्तसरकारी वितिय हस्तान्तरणः	
५३.	**संघिय सशर्तः** **स्वास्थ्य इकाई भवन वडा नं ३** लागत इष्टिमेट रु३६९२०५५।३५ रहेको आधारभुत स्वास्थ्य इकाई भवन वडा नं ३ को निर्माण कार्यको लागि वोलपत्र आब्हान गरी घटीवाला निर्माण ब्यवसायि क्रित्मा निर्माण सेवा भिनपा ३ चरीकोटको कबोल अंक रु३३३६८००।९१ को कबोल अंक स्विकृत गरी मिति २०७६।३।३१ मा संम्झौता भए अनुसार उक्त निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधि २०७६।९।३१ सम्म कायम गरीएकोमा २ पटक म्याद थप गरी उक्त निर्माण कार्यको अवधि २०७६।१२।२५ सम्म बनाएको छ । यस्मा देखिएको ब्यहोरा यसप्रकार छन ।	
५३.१.	सार्वजनिक खरिद नियमवलि २०६४ को नियम ३ (ज) मा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गरी खरिद कारबाहीको तयारी गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले आब ०७५।७६ मा यस निर्माण कार्यको लगि निकासा भएको रकम फिर्ता पठाएको तर स्रोतको पहिचान एवं सुनिश्चितता नभई ०७६।३।३१ मा संम्झौता गरेको र यस आब मा उक्त योजनाको लागि आवश्यक पर्ने रकम भन्दा कम विनियोजन भएको कारण निर्माण कार्यको पुरै भुक्तानी दिई योजना फरफारक गर्न सकिएको छैन । तसर्थ स्रोतको सुनिश्चितता नहुदा नहुदै आबको अन्त्यमा निर्माण कार्यको संम्झौता गर्नु कानुन सम्मत देखिदैन ।	
५४.	**स्वास्थ्य इकाई भवन वडा नं ६** लागत अनुमान ३६९२०५५।३५ रहेको आधारभुत स्वास्थ्य इकाई भवन वडा नं ६ को निर्माण कार्यको निर्माण ब्यवसायि शुब्बा शैलुङ निर्माण सेवा शैलुङ ४ को काबोल अंक रु२९०२५३७।६३ स्विकृत गरी मिति ०७६।३।३० मा संम्झौता भएकोमा उक्त निर्माण कार्यको अवधि ०७६।९।३१ कायम गरीएकोमा २ पटक म्याद थप गरी मिति २०७६।१२।२५ सम्म बढईएको छ । निर्मण ब्यवसायिले रु १०६८६९० को प्रथम रनिङ विल पेश गरी २।०७६।१०।१७ मा रु१०६८६९० भुक्तानी लिएको छ भने निर्माण ब्यवसायिले ०७६।१२।२० मा रु१३८२०६३।७७ को अन्तिम विल पेश गरेकोमा ०७६।७७ मा यस योजनामा ११६६००० मात्र बजेट विनियोजन भएको कारण भुक्तानी भएको छैन ।सार्वजनिक खरिद नियमवलि २०६४ को नियम ३ (ज) मा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गरी खरिद कारबाहीको तयारी गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले आब ०७५।७६ मा यस निर्माण कार्यको लगि निकासा भएको रकम फिर्ता पठाएको तर स्रोतको पहिचान एवं सुनिश्चितता नभई ०७६।३।३० मा संम्झौता गरेको र यस आब मा उक्त योजनाको लागि आवश्यक पर्ने रकम भन्दा कम विनियोजन भएको कारण निर्माण कार्यको पुरै भुक्तानी दिई योजना फरफारक गर्न सकिएको छैन । तसर्थ स्रोतको सुनिश्चितता नहुदा नहुदै आबको अन्त्यमा निर्माण कार्यको संम्झौता गर्नु कानुन सम्मत देखिदैन ।	
५५.	**कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०)७ (सँग सम्वन्धित अनुसूची १ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ । गाउँपालिकाबाट गरिने सार्वजनिक निर्माणमा ४ प्रतिशत कन्टेन्जेन्सी खर्च कटाई भुक्तानी गरेको छ । पालिकाबाट कन्टिजेन्सी खर्चको अभिलेख राखेको पाइएन ।कन्टेन्जेन्सी खर्चको अभिलेख व्यवस्थित गरी योजनागत रुपमा नापी किताबमा समेत चढाउनुपर्दछ ।	
५६.	**परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोभै खरिद गरी रु. २३७९१४५ खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।	
५७.	**डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
एग्रिकल्चर कोल्ड स्टोर	भिजनिरी डिजाइन प्रालि	१००००००	९४९२००	९९९३८३००
शैलुङ आधारभुत स्वा.के	बागेश्वरी कन्सल्टेन्सी प्रालि	१००००००	९९०४४५	१४२१०१८२२
आ.ई.ई	शोभा इन्जिनियरीङ्ग प्रालि	५०००००	४३९५००	००

	यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु हाल कार्यान्वयनमा गएको देखिन्छ । डि.पि.आर प्रतिवेदन जिन्सी आम्दानी नबाधेको दाखिला आम्दानी बाँधी सम्पतिको रुपमा अभिलेख राख्नुपर्दछ ।	
	खरिद	
५८.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.४७१८६०३ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	

कार्यक्रम	भै.न. मिति	भुक्तानी पाउने	खरीद	भुक्तानी रकम
प्रकोप व्यवस्थापन	२।०७७।१।१२	सेनिका सर्जिकल एण्ड इक्युपमेन्ट हाउस भक्तपुर	स्व.सामाग्री	७८५९१५

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	३।०७७।१।२६	सेनिका सर्जिकल एण्ड इक्युपमेन्ट हाउस भक्तपुर	क्वारेन्टाईन सामाग्री	१७३५६८
	५।०७७।२।३०	मानन्धर सप्लायर्स	स्वा. सामाग्री	४०५१७
प्रकोप विशेष कोष	३।०७७।१।२६	देवकोटा मेडिकल हल भक्तपुर	स्वा. सामाग्री	३७८०००
	३।०७७।१।२६	मानन्धर सप्लार्स चरीकोट	स्वा. सामाग्री	२१५२४४
	७।०७७।२।३०	मानन्धर सप्लार्स चरीकोट	स्वा. सामाग्री	२२४८०
	९।०७७।३।३०	सुहाषी मेडिको फर्मा	स्वा. सामाग्री	४८०५२
संघिय शशर्त	३५।०७७।१।८	देवकोटा मेडिकल हल भक्तपुर	औषधि	४९९३४०
	३६।०७७।१।८	अजम्वरी फर्मा फर्मास्युटिकल्स भक्तपुर	औषधि	१३६१०८
	७४।०७७।३।२९	एस के डेकोर एण्ड सप्लायर्स	स्वा. सामाग्री	४७९२८१
	७४।०७७।३।२९	सुनगाभा जनरल सप्लायर्स	स्वा. सामाग्री	३०००००
प्रदेश शशर्त	३।०७७।१।२६	सोहन मेडिहेल्थ	स्वा. सामाग्री	१९९९९३
गा पा चालु	२६०।०७७।३।२९	गुराँस मेडिसिन डिष्ट्रब्युटर्स	स्वा. सामाग्री	८०१०४
	७६।०७६।८।९	मेरीगोल्ड इन्टरनेशनल प्रालि	औषधि	१०४७०१०
	७६।०७६।८।९	न्यु संकल्प असिम इन्टरप्राइजेज	औषधि	७६४२१
	१५८।०७६।१०।८	अजम्वरी फर्मास्यिटिक्ल्स मैतिदेवि	औषधि	२३६५६९
जम्मा				**४७१८६०३**

५८.१. खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

५८.२. आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

५८.३. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

५८.४. औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

५८.५. औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. २२०५५२९

भौ.न मिति	विवरण	ब्यवसायिको नाम	रकम

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

५३।०७६।११।८	कार्पेट पर्दा लगायत	गौरीशंकर फर्निसीङ बागवजार	२६१७८१।४५
७७।०७७।१।५	भिजिटर चेयर	एस.वि ट्रेडर्स बत्तिसपुतलि	४७४६००
०७८।०७७।१।५	अफिस दराज	कन्या कालिका स्टिल फर्निचर इमाडोल	२९३८००
८०।०७७।१।८	अफिस सोफा	एस.वि ट्रेडर्स बत्तिसपुतलि	२५७०७५
९७।०७७।१।२८	अफिस टेवल	कालिनाग फर्निचर एण्ड काष्ठ उद्योग सुर्यविनायक	२४५७७५
१६९।०७७।३।२९	इन्भर्टर ब्याट्रि	इन्जिनरिङ सोलुसन एण्ड एडुकेशन कन्सल्टेन्सी कात्यानी	६७२४९८
	जम्मा		**२२०५५२९**

६०. **खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाँउपालिकाले निम्न सडक मर्मत कार्यको लागि विभिन्न निर्माण ब्यवसायि मार्फत सोझै निर्माण कार्य गराएको पाइयो । त्यसरी सोझै निर्माण तथा मर्मतकार्य गराएकोमा भएको कार्यको नापि एवं मुल्याङ्कन समेत नगरी निर्माण ब्यवसायिले पेश गरेको विलको आधारमा भुक्तानी दिएको छ । उक्त खर्चलाई नियमसम्त मान्न नसकिएको रु — ३९३९७७

भौ.न मिति	**योजनाको नाम**	**निर्माण ब्यावसायि**	**रकम**
१२।०७६।६।१४	मुडे मेलुङ सडक खण्डको विभिन्न स्थानमा मर्मत	एम.डि. कन्स्ट्रक्सन शैलुरु ३	६०२३९
१३।०७६।६।१५	टुडिखेल फस्कु गोठेपानी सडकको विभिन्न स्थानमा मर्मत	सिताष्म कन्स्ट्रक्सन प्रालि भिनपा ६	७७०२०
१४।०७६।६।१५	वडा नं ३ रंगशाला वरीपरी शैलुङ फोकते ओखे सडक खण्ड मर्मत	आर.टि. कन्स्ट्रक्सन शैलुङ ३	८६४६५
२१।०७६।८।१	थगाम चौतारी डाँडा हुदै वडा केन्द्र जोड्ने सडक मर्मत	एम.डि. कन्स्ट्रक्सन शैलुरु ३	८९९८४
४४।०७६।१०।१६	वडा नं ६ ढुङ्गे देखि वडा नं ८ कालापानी सम्म सडक मर्मत	शैलुङ्गेश्वरी कन्स्ट्रक्सन भिनपा १०	२५०२९
१५६।०७७।३।१४	वडा नं १ महेले सडक खण्ड मर्मत	एम.डि. कन्स्ट्रक्सन शैलुरु ३	५५२४०
	जम्मा		**३९३९७७**

६१. **सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.७१६००० खर्च गरेका छन् ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६२.	**सफ्वेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ६७०८९२ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन ।चालु आ.ब. देखि प्रयोगमा रहेका यस्ता सफ्वेयर विभागबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	

सि.न.	सफ्टवेयरको नाम	रकम
१	जिन्सी तथा कर ब्यवस्थापन प्रणालि	२१२८९२
२	विद्यालय बेभसाइट निर्माण	४५२०००
	जम्मा	**६७०८९२**

६३.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत तथा सोलिङ्ग निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५६८ जनालाई रोजगारी उपलव्ध गराई रु.४५८९८५५ खर्च गरेको छ । लक्षित वर्गलाई ८ दिनदेखि १० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
	सामाजिक सुरक्षातर्फ	
६४.	**सामाजिक सुरक्षातर्फः** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी गाँउपालिकाले यस बर्ष सामाजिक सुरक्षा भत्तामा रु७१६७०६०० वितरण गरेको पाइयो । यस सम्वन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।	
६४.१.	वडा नं १ मा कान्छी तामाङ्ग , ना।नं १७४(८६६ लाई प्रथम किस्तामा क्रास। ११ र १५ मा रु १२००० का दरले रु २४०००, तेस्रो किस्तामा क्रास। १३ र १७ मा रु १२००० का दरले रु २४००० गरी कुल ४८००० भुक्तानी भएकोमा रु २४००० दोहोरो भुक्तानी भएको पाइयो ।यसरी बढी भुक्तानी भएको रकम रु २४००० सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने रु	२४०००
६४.२.	**नबिकरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) बमोजिम गाँउपालिका अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरको देखिन्छ अतः कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ ।	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६४.३.</td><td>बैंक मार्फत भत्ता वितरण ः— सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरूको नाममा बैंक खाता मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैंक खाता मार्फत भुक्तानी नगरी नगदै भुक्तानी गरेकोले निर्देशिकाले तोकेबमोजिम गरी सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण/खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>विपद् व्यवस्थापन</td><td></td></tr>
<tr><td>६५.</td><td>समिति- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ३१ सदस्यिय ऐनमा तोकिएबमोजिमको समिति गठन भई ३ वटा बैठक बसेको पाइयो । ऐनमा तोकिएबमोजिम काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५.१.</td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागु गर्नुपर्नेमा सो गरेको पाइएन ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६५.२.</td><td>कोष — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.४१७०१४५ आम्दानी भई रु.४००४४४३ खर्च गरी बाँकी रु. १६५७०२ देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५.३.</td><td>प्रतिवेदन — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>कोभिड १९ सम्बन्धमा</td><td></td></tr>
<tr><td>६६.</td><td>कोभिड बिशेष लेखापरीक्षणसँग सम्वन्धित गाँउपालिकाबाट प्राप्त विवरण अनुसार ०७७ असार र असोज मसान्तसम्मको प्राप्ति खर्च एवं बाँकीको अवस्था निम्नानुसार रहेको पाइयो ।
<table>
<tr><th>बजेट/आम्दानीको स्रोत</th><th>२०७७ असार मसान्त सम्म प्राप्त रकम</th><th>२०७७ आश्विन मसान्तसम्म प्राप्त रकम</th><th>खर्च शीर्षक</th><th>२०७७ असार मसान्तसम्म खर्च रकम</th><th>२०७७ आश्विन मसान्त सम्म खर्च रकम (कुल)</th></tr>
<tr><td rowspan="2">स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको</td><td rowspan="2">३००००००</td><td rowspan="2">००</td><td>राहत वितरण</td><td>२०३५०००</td><td>००</td></tr>
<tr><td>क्वारेन्टाइन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन</td><td>९५९०१६</td><td>००</td></tr>
<tr><td>प्रदेश कोभिड कोषबाट</td><td>१००००००</td><td>००</td><td>औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद</td><td>७३२०२७</td><td>००</td></tr>
<tr><td>अन्य स्रोतबाट प्राप्त</td><td>१७०१४५</td><td>००</td><td>स्वास्थ्य पूर्वाधार निर्माण अन्य शीर्षकमा भएको खर्च</td><td>००</td><td>००</td></tr>
</table></td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

			अन्य शिर्षकमा भएको खर्च	२७८४००	००
			बाकी	१६५७०२	००
जम्मा	४१७०१४५	००	जम्मा	४१७०१४५	००

१. गाँउपालिकाले ४३ स्वास्थ्यकर्मिहरु र ५९ जना प्रशासनिक कर्मचारीहरु समेत १०२ जनालाइ रु ११७६७२१ लकडाउनमा काम गरे वापत कार्यपालिकाको निर्णय अनुसार तलब स्केलको ५० प्रतिशतका दरले १ महिनाको जोखिम भत्ता वापत खर्च लेखेको पाइयो । कर्मचारीहरुतर्फको खर्च गाँउपालिका चालु शिर्षकबाट लेखेको देखियो ।

२. गाँउपलिकाले आर सि टी टेष्ट किट थर्मल गन, माक्स, स्वास्थ्य सामाग्रीहरु ४ आपुर्तिकर्तावाट रु १७६६७९५ वरावरका सामाग्रीहरु सोझै खरिद गरी प्रयोग गरेको पाइयो ।

३. गाँउपालिकामा थर्मल गन, माक्स लगायतका रु१४४०४१ मुल्यका स्वास्थ्य समाग्रीहरु ३ विभिन्न निकाय संस्थावाट प्राप्त गरेको देखिन्छ ।

४. गाँउपालिका अन्तरगत ३ सदस्यिय एक केस इन्भेष्टीगेसन तथा कन्ट्रयाक्ट ट्रेसिङ टिम गठन गरी खोज पड्ताल गरीएको केस संख्या ४१, केश अनुसन्धान ७०, परामर्श २९ जना र नमुना संकलन ४१ जनाको रहेको विवरण देखिन्छ ।

५. गाँउपालिका अन्तर्गत २० वेड संख्याको एक क्वारेन्टाइन निर्माण भएकोमा दैनिक रुपमा र आषाढ मसान्तसम्म १० जना उक्त क्वारेन्टाइनमा बसेको देखियो । क्वारेन्टाइन ब्यवस्थापन बेडऽ म्यट्रेस लगायतमा सामाग्री सौझै खरिदमा रु ९७९९६८ खर्च गरेको देखियो ।

६. गाँउपालिकावाट प्रत्येक वडालाई रु १ लाखका दरले रु ८ लाख बैक मार्पत स्वास्थ्य चौकीको खातामा भुक्तानी भएकोमा ८ वटा वडावाट ११६ राहत लाभग्राही परिवार बाट ४९८ जनाले सुविधा प्राप्त गरेको देखिन्छ । उक्त रकम वडा नं ८ को रु १ लाख खर्च भएको देखिदैन ।

७. ८ वटा वडा कार्यालय मार्फत स्वास्थ्य चौकीलाई रु ७५००० का दरले भुक्तानी गरेको रु ९०००००, प्रहरी चौकी ३ लाई रु १७५००० स्वास्थ्य चौकीकै खातामा भुक्तानी गरेको प्रतिवडा रु२० हजारका दरले रु १६०००० वन्दावन्दीमा काठमाण्डौमा फसेका ब्यक्तिलाई गाँउपालिका सम्म ल्याउन गाडी भाडा बापतको भुक्तानी पनि सोही स्वास्थ्य चौकीलाईनै भुक्तानी गरेको समेत रु २०३५००० स्वास्थ्यचौकीको खातामा पठाएको देखिन्छ । उक्त स्वास्थ्य चौकीमा पठाएको रकमको एक रजिष्टर्ड लेखापरीक्षकवाट स्वास्थ्य चौकीको लेखापरीक्षण गरेको प्रतिवेदन पेश भएको छ ।

८. गाँउपालिकावाट भौन ५।०७७।२।२३ प्रास्वाके चरीकोटलाई रु २ लाख अनुदान सहायता उपलब्ध गराएको पाइयो । उक्त रकम अक्षाढ मसान्तसम्ममा खर्च नभएको र विल भर्पाई प्रस्वाके चरीकोटमा नै रहेको पाइयो । जिल्ला विपद ब्यवस्थापन कोष कार्यविधिवाट संचालित उक्त कोष स्थानियतहको संयुक्त कोष रहेको पाइयो ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६७.	**गाँउपालिका परिसर जग्गाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । गाँउपालिका र सो को परिसरको करिब ५०० रोपनि जग्गा रहेको छलफल बाट पाइयो । उक्त जग्गा सार्वजनिक क्षेत्रको रहेको र हाल पालिका कार्यालय परीसर रहिरहेको मा स्विकृतिको लागि पालिकाबाट प्रधानमन्त्रि	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कार्यालय, सामान्य प्रशासन तथा संघिय मन्त्रालय, वन मन्त्रालय हुदै वन विभाग हुदै पालिकाको नाउँमा जग्गा दर्ता पूर्जा र कित्ताकाट गरी ल्याउने पकृयामा रहेको पालिकाको भनाई रहेको छ ।</td><td></td></tr>
<tr><td>६८.</td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रु.१३८२५००० बजेट प्राप्त भएकोमा रु.१३८०४८५५ खर्च भएको देखिन्छ । गाँउपालिकाबाट प्राप्त विवरण पेश हुन नआएकोले उक्त योजनाहरुको भौतिक प्रगति एकिन गर्न सकिएन ।
<table>
<tr><th>आयोजनाको प्रकार</th><th>आयोजनाको संख्या</th><th>बजेट रकम</th><th>खर्च रकम</th><th>वित्तीय प्रगति प्रतिशत</th><th>भौतिक प्रगति प्रतिशत</th></tr>
<tr><td>स्थानिय पूर्वाधार विकास</td><td>२</td><td>५९२५०००</td><td>५९२३०००</td><td>९९.९६</td><td>नखुलेको</td></tr>
<tr><td>प्रदेश पूर्वाधार विकास</td><td>२</td><td>७९०००००</td><td>७८८१८५५</td><td>९९.७७न</td><td>नखुलेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८.१.</td><td>उल्लेखित ४ आयोजना मध्ये ४ योजनाहरुनै उपभोक्ता समितिवाट गरायको देखिन्छ । उपभोक्ता समिति मापरूत संचालित योजनामा हेभि इक्युपमेन्ट प्रयोग गरेको, प्राविधिक पक्ष समेतको भएका जटील संरचना निर्माण गरेको, सम्पन्न योजनाहरुको मर्मत संम्भारको व्यवस्था नगरेको जस्ता कार्यहरु भएको देखिन्छ । जुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ विपरीत देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>६९.</td><td>औषधिको लोगो— गाउँपालिकाले खरिद गरेका औषधिहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको पाइयो ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>क्र.स</th><th>औषधिको नाम</th><th>म्याद समाप्त हुने मिति</th><th>निशुल्क वितरणको लोगो</th></tr>
<tr><td>१</td><td>Vitamin B- Complex</td><td>Apr 2022</td><td>Supply only</td></tr>
<tr><td>२</td><td>Silverfadiazine cream</td><td>May 2022</td><td>Free distribution only</td></tr>
<tr><td>३</td><td>paracetamol (500 mg)</td><td>July 2022</td><td>Supply for MOHP</td></tr>
<tr><td>४</td><td>Ciprofloxicine (500Mg)</td><td>Dec 2022</td><td>Supply for MOHP</td></tr>
<tr><td>५</td><td>Amoxycllun (500 mg)</td><td>Dec 2022</td><td>Not for sale</td></tr>
</table></td><td></td></tr>
<tr><td>७०.</td><td>नर्म्स एकरुपता नभएकोः कार्यक्रम संचालन गर्दा स्पष्ट नर्मरस मापदण्ड निर्धारण गर्नुपर्दछ ।पालिकाले स्वास्थ्य अन्तर्गतको कार्यक्रम संचालन गर्दा यातायात खर्चमा कुनैमा रु ३००।०० प्रतिदिन, केही कार्यक्रममा रु ७००।०० प्रतिदिन र केही कार्यक्रममा रु १०००।०० प्रतिदिनका दरले भुक्तानी गरेको दखिन्छ । कार्यक्रम संचालन तथा यातायात खर्च भुक्तानीको नर्म्स स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>७१.</td><td>बिद्यालयहरुको लेखापरीक्षणः गाउँपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । गाउँपालिकाले विद्यालयहरुका लागि रु १०९६६६२४१।६० विनियोजन गरि निकासा खर्च गरेको छ।गाउँपालिकाले आ.व. २०७५।०७६ को अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन । बिद्यालयहरुको सबै लेखापरीक्षण</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।	
७१.१.	**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।	

क्र.सं.	विद्यालयको नाम	दरवन्दी	पदपुर्ती	पदपुर्ति मध्ये करार	विद्यार्थी
१	साँगुते मावि कालापानी	१०	१०	३	३४४
२	कल्लाबारी मावि कल्लाबारी	१३	१३	७	२०५
३	कालिभूमे मावि बोत्ले	९	९	७	२२८
४	कालिका मावि दार्खा	१३	१३	४	२७९
५	शारदा मावि पोखरे पोखरे भैंसे	११	११	७	३३१
६	शैलुङ प्रावि मेहेले	१	१	१	१७
७	सरस्वती प्रावि कोलामखान	३	३	१	४९
८	राष्ट्रिय प्रावि ढुङ्गे	४	४	१	६६
९	सञ्जीवनी आ.वि हिले	३	३	१	२४
१०	सेतीदेबी आ.वि निगाले	३	३	३	६२
११	शैलुङ्गेश्वर प्रावि पैती आरुखर्क	१	१	०	११
१२	महादेव प्रावि झोर	२	२	०	४८
१३	भद्रेश्वर आ.वि साउँते	६	६	४	६७
१४	शैलुङ्गेश्वर आ.वि पाँडेखानी	३	३	१	७३
१५	कालापानी प्रावि कालापानी	१	१	१	२९
१६	शैलुङ्गेश्वर आ.वि झोर मनगाउँ	५	५	३	११८
१७	माहिलीश्वरी प्रावि टोड्के	२	२	१	२१
१८	जनकल्याण प्रा.वि.	२	२	०	२४
१९	ताप्केडाँडा प्रावि नाइके	३	३	२	५५
२०	कमलामाई प्रावि जम्सिङ	२	२	०	१५
२१	शैलुङ्गेश्वर प्रावि ढुङ्गे	१	१	०	११
२२	चण्डिका प्रावि आहाले ढाँडे	४	४	१	१०९
२३	जलधारा प्रावि पोखरे	२	२	२	४३
२४	कुण्ड प्रावि गैरी	१	१	०	२२
२५	दुधपोखरी आ.वि गैरो	६	६	३	९९
२६	कालिभूमे प्रावि पाटा	१	१	१	१३
२७	दुर्गा मावि भैंसेचौर	१७	१७	२	४१९
२८	मागापौवा मावि हिले	६	६	४	१३५
२९	नविन मावि चण्डीडाँडा	१२	१२	७	२०६
३०	पिपलडाँडा आ.वि आहाले	६	६	२	८२
३१	नमुना प्रावि सल्लेरी	२	२	१	३२
३२	कमला आ.वि मानेडाँडा	३	३	०	६९

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

३३	वीरेन्द्र मावि बोजिनीडाँडा	१५	१५	९	३२६
34	वसुन्धारा प्रा.वि.	०	०	०	३
३५	मनमोहन शिक्षासदन प्रावि मागादेउराली	३	३	१	८४
	जम्मा	१७६	१७६	८०	३७१९

७१.२. यस पालिकामा २६ विद्यालयहरु संचालनमा रहेकोमा ३५ शिक्षक दरबन्दीमा १७६ पदपुर्ति भएको र पदपुर्तिमध्ये ८० शिक्षक करारमा रहेको देखियो । ति विद्यालयहरुमा EMIS अभलेख अनुसार कुल विद्यार्थी सख्या ३७१९ रहेको देखियो ।

७१.३. **विद्यालयको संख्याः** लेखापरीक्षणको लागि गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिका अन्तगरगतका ३५ विद्यालय मध्ये देहायका विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखियो । यसरी विद्यार्थी संख्या २० जना भन्दा कम रहेका विद्यालयमा शिक्षक, कर्मचारी तलब र प्रशासनिक खर्च बापत आ.व. २०७६।०७७ मा देहाय बमोजिम रकम परिक्षा संचालनको अधारमा निकासा भएको छ ।न्यून विद्यार्थी संख्या रहेको विद्यालयलाई गाउँपालिकाले सुविस्थाका आधारमा विद्यालय संख्या गाभ्ने व्यवस्था गर्नुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	सञ्चालित कक्षा	विद्यार्थी	शिक्षक	वा.बि.के	कर्मचारी
१	नमुना प्रावि सल्लेरी	०-३	३२	२	१	१
२	वसुन्धारा प्रा.वि.	०	३	०		१
	जम्मा			२	१	२

७१.४. **अभिलेख ः** गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्नेमा गाउँपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।

७१.५. **राजस्व वाँडफाड समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.३२३२३०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।

गो भौ र मिति	**विद्यालय**	**अनुदान रकम**
१९५।०७७।२।२५	३५ विद्यालय	१४२१८००
१०२।०७६।९।२९	३५ विद्यालय	१६९३५००
२४८।०७७।३।२८	३५ विद्यालय	११७०००
जम्मा		**३२३२३००**

७१.६. **प्राविधिक शिक्षालय अनुदानः** गाँउपालिकाले गाँउसभावाट विनियोजित बजेट अनुसार दुर्गा मावि भैसेचौरलाई सिभिल डिप्लोमा संचालन गर्नको लागि रु३० लाख र शारदा मावि भैसेलाई कृर्षि भेटेनरी संचालनको लागि रु १२ लाख गरी जम्मा ४२ लाख निशर्त अनुदान निकासा गरेको पाइयो । उक्त अनुदान निकासा सम्वन्धित विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदनमा आम्दानी जनाएको देखिएको छ । गाँउपालिकाबाट राजस्व वाडफाड तर्फको स्रोत रहेको यस्तो अनुदान निकासा दिदा अनुदान कार्यविधि एवं सम्झौता र सोको अनुगमन प्रतिवेदन तयार गरेको पाइएन । यस्तो अनुदान निकासा

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दिदा अनुदानको कार्यविधि एवं सम्झौता तयार गरी अनुदानको अनुगमन एवं मुल्याङ्कन समेत हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१.७.</td><td>बढी निकासाः पालिकाले विद्यालयहरुलाइ विभिन्न त्रैमासिकमा तलब भत्ता निकासा गर्दा निम्नानुसारका शिक्षकलाई रमानापत्रमा तलब भत्ता लिएको मिती भन्दा बढी अवधिको तलब भत्ता निकासा गरेको पाइयो । पालिकाबाट शिक्षक लाई रमानापत्रमा उल्लेख भए भन्दा बढी महिनाको तलबभत्ता निकासा भएकोले उक्त शिक्षकले हाल सरुवा भएर गएको विद्यालयबाट उक्त महिनामा तलब भत्ता बुझेको यकिन गरी दोहोरो भुक्तानी भएको भए असुल गर्नुपर्ने रु</td><td>३९६२४</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>गो.भौ.नं/मिती</th><th>नाम</th><th>पद</th><th>साविक को विद्यालय</th><th>सरुवा भएर गएको विद्यालय</th><th>रमानापत्र मिती</th><th>भुक्तानी भएको मिती</th><th>बढी भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>३/२०७६।६।८</td><td>विश्वम्बर झा</td><td>प्रा.शी. द्धितिय</td><td>कालिभुमे मा.वि.</td><td>शारदा मा.वि., रामपुर सिरहा</td><td>२०७६/३/३०</td><td>२०७६/४/३०</td><td>३९६२४</td><td>श्रावणको बढी भुक्तानी</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३९६२४</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७१.८.</td><td>खर्चको पुष्ट्याईः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भर्पाई र पुष्टयाई सहित लेखा राख्नु पर्ने प्रावधान रहेको छ । पालिकाले गो.भौ.नं/मिती ६३/२०७७।३।२८ मा कोभिड १९, शैक्षिक क्षति न्यूनीकरण तथा सिकाई प्रबद्धन कार्यक्रम शीर्षकबाट ५ वटा प्रोजेक्टर खरिद गरी रु २५५००० खर्च लेखेको पाइयो । उक्त प्रोजेक्टरहरु विद्यालयले बुझी जिन्सी दाखिलामा आम्दानी बाधेको विवरण पेश नभएकोले उक्त खर्चलाई पुष्टयाई गर्ने प्रमाण पेश गर्नुपर्ने । साथै उक्त शीर्षकबाट प्रोजेक्टर खरिदको पुष्ट्याइ पेश गर्नुपर्ने रु</td><td>२५५०००</td></tr>
<tr><td>७२.</td><td>पेश्कीः गाँउपालिकाले पेश गरेको वित्तिय प्रतिवेदन मलेप फा नं. २७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार गाँउपालिकाको कुल हालसम्मको पेश्की बाँकी रु. ३३०५४२०० देखिएको छ । उक्त बाँकी पेश्की मध्ये गत विगत बर्षको अभिलेख नरहेको र चालु आ.ब. को रु.३३०५४२०० देखिन्छ । मिति २०७७।१०।९ बाट लागु भएको अर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ वमोजिम म्याद ननाघेको चालु आ.ब. देहाय बमोजिमको फछ्यौट हुन बाँकी मोबिलाइजेसन पेश्की रु. ७१६२३०० देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>१.</td><td>जिपि रामसागर आरएस जेभि</td><td>५२५२०००</td></tr>
<tr><td>२.</td><td>रिमाल निर्माण सेवा</td><td>८४५०००</td></tr>
<tr><td>३.</td><td>झोरखोला दोभान झो पु. उ.स</td><td>२३४०००</td></tr>
<tr><td>४.</td><td>पसल खोला झो पु. उ.स</td><td>४३१०००</td></tr>
<tr><td>५.</td><td>मुरुण्डा झो पु. उ.स</td><td>४०१०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७१६२३००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२.१.</td><td>उल्लेखित बाँकी पेश्की रु३३०५४२०० मध्ये म्याद ननाघेको रु७१६२३०० र म्याद नाघेको निम्नानुसारको पेश्की बाँकी रु२५८९१९०० नियमानुसार असुल फछ्यौट हुनुपर्ने रु
<table>
<tr><th>क्र.स</th><th>पेश्की लिने</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>विष्णु बहादुर कार्कि</td><td>४९२०००</td></tr>
<tr><td>२.</td><td>शुशिला कार्कि</td><td>७०००००</td></tr>
</table>
</td><td>२५८९१९००</td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा			बेरुजू रकम
	३.	तपेन्द्र शाह	७०००००	
	४.	दिपेन्द्र बन्जारा	३४४७०००	
	५.	मनकुमार थापा	२८८८८००	
	६.	जनराज योन्जन	२७४०८००	
	७.	चिना तामाङ	११९३४००	
	८.	चिना तामाङ	२१७७४००	
	९.	एलिजा आचार्य	२२३९२००	
	१०.	मितकुमारी चौधरी	२४१३८००	
	११.	सपना चौलागाइ	२८५७४००	
		जम्मा	**२५८९१९००**	
७३.	**पेश्कीको अभिलेखः** आर्थिक कार्यविधि नियमाली, २०६४ को नियम ७४(२) मा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन र अन्य व्यक्ति हकमा सो व्यक्तिको ३ पुस्ते स्थायी र अस्थायी ठेगाना प्रष्ट लेखी पेश्की दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले गत बिगत दिएको पेश्कीबाट यो बर्ष रहेको फछ्र्यौट घटाई बाँकी देखिने स्पष्ट पेश्की खाता राखेको छैन । गाउँपालिकाले एउटा पेश्की फछ्र्यौट नहुँदै पुनः पेश्की दिने गरेको, पेश्की नजनाई पेश्की दिने गरेको पेश्कीको अभिलेख नराख्ने गरेको पाइयो । पेश्की खाताको अभावमा पेश्की अनुगमनमा समस्या देखिएको छ । बिगत देखि लिएको पेश्कीको लगत अद्यावधिक गरी पुराना पेश्कीहरु फछ्यौैट गर्नुपर्दछ ।			
	आन्तरिक लेखापरिक्षणबाट औल्याएका बेरुजू कायम			
७४.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार पालिकाले देहाय वमोजिम आन्तरिक लेखापरीक्षणमा समावेश भएका वेरुजुहरु अन्तिम लेखापरिक्षण सम्म असुल फछ्र्योट गरेको देखिएन । उक्त वेरुजु लेखापरीक्षणको क्रममा एकिन गरी निम्नानुसार कायम गरिएको छ ।			
७४.१.	वडा सचिव चिना तामाङले वडा नं ४ सामाजिक सुरक्षा भत्ता वितरण गर्दा क्र.स. ७८ र ७९ बाट नागरिकता प्रमाण पत्र नं ७२६-११ को धन बहादुर श्रेष्ठलाई दोहोरो भुक्तानी भएको देखियो । यसरी दोहोरो भुक्तानी भएको रकम मध्ये रु १२००० असुल गर्नुपर्ने रु			१२०००
७५.	**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु६८०२५५ सम्परीक्षण भएको छ । जस्को विस्तृत विवरण२०७८।१।१० को प्रारम्भिक प्रतिवेदनमा समावेश भएको छ ।			

शैलुङ गाँउपालिकाको संचितकोषको विवरण

२०७६।०७७

अनुसुचि १

प्रदेशः बागमती

(रु हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला		आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	शैलुङ गाउपालिका	दोलखा	३८२२२	३२५३५९	६०१९३	५९८०	१०२६२७	४९४१५९	१७९४०२	१८३६८३	१०१२२६	४६४३११	६८०७०

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुचि २

२०७६।७७

(रु हजारमा)

सि.नं.	जिल्ला	स्थानिय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौ)ट			बाकी बेरुजु			बाकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	दोलखा	शैलुङ गाँउपालिका	९१	२६	४७३००	०	१०	२६६५	९१	१६	४४६३५	८०५	२८००	१५१३८	०	०	१७९३८	२५८९२	०	२५८९२

अद्यावधिक वेरुजू स्थिति

अनुसुचि ३

(रु हजारमा)

क स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाकी	यो बर्ष सम्पबाट कायम बेरुजु	यो बर्षको बेरुजु	कुल बाकी बेरुजु
१	शैलुङ गाँउपालिका	दोलखा	१५३४१	६८०	१४६६१	०	४४६३५	५९२९६